बैठक संख्या: ७२, २०७९-२०८४
मिति २०८३/०१/०८ को
निर्णय प्रमाणित ..............

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल स्थापना २०७३

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७२, २०७९-२०८४)

मिति : २०८३ बैशाख ८ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकामा रहेका देहाय बमोजिमका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क) विपद व्यवस्थापन समितिको मिति २०८३/०१/०८ गतेको निर्णयहरु
ख) कोहलपुर बरघर नगर समितिको मिति २०८३/०१/०५ गतेको निर्णयहरु
ग) कोहलपुर नगरपालिका महिला बाल बालिका तथा समावेशीकरण उप-शाखाको मिति २०८२/१२/२५ गतेको निर्णयहरु

३. लुम्बिनी प्रदेश सरकार प्रदेश योजना आयोग राप्ती उपत्यका (देउखुरी) दाङ्गको मिति २०८२/१२/२७ गतेको चलानी नं. २३६ को प्रदेश विशेष अनुदान तर्फका योजना/कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमाको पत्र अनुसार यस नगरपालिकाको देहायका योजनाहरु प्राथमिकता क्रम अनुसार योजना सिफारीस गरी पठाउने।

क) बालशिक्षा माध्यमिक विद्यालय भरैया कोहलपुर १३ को विद्यालय भवन निर्माण
ख) कोहलपुर १२ डुडुवा खोला तट्वन्धन निर्माण

४. आ.व २०८१/०८२ का म्याद भित्र सम्पन्न हुन नसकेका ठेक्काहरुलाई २०८२ श्रावण मसान्त सम्म म्याद थप भएकोमा मिति २०८२/०७/२८ को कार्यपालिका बैठक निर्णयबाट भुक्तानी बाहेक गरिएका NCB सि.नं. ३,६,७ र SQ सि.नं.१ लाई कार्यसम्पादन पश्चात र NCB सि.नं. ४ लाई V.O. समेत भएको योजना हरुको म्याद सकिएकोले नियमानुसार L.D. लागायर २०८२/०८३ को निती, कार्यक्रम बजेट पुस्तिकाको सि.नं. ८१ र ८२ मा रहेको अधुरा पुराना योजनाहरुको निर्माण सम्पन्न कार्य शिर्षकबाट भुक्तानी दिने ।

क) सि.नं. NCB ०६/२०८१/०८२ दलित सांस्कृतीक संग्रहालय मर्मत तथा निर्माण कोहलपुर २ बाँके ।
ख) सि.नं. NCB ०७/२०८१/०८२ रजगढवा शिबमन्दिर देखि रामदिन थारुको घरसम्म जोडने बाटो नाली सहि कालो पत्रे कोहलपुर ७ बाँके
ग) सि.नं. NCB १३/२०८१/०८२ बाल शिक्षा मा.वि.मा ४(चार) कोठे भवन निर्माण कोहलपुर १३ बाँके
घ) सि.नं. NCB १४/२०८१/०८२ शिब शक्ति आ.वि.मा ४ (चार) कोठे भवन निर्माण ।
ङ) सि.नं. SQ ०२/२०८१/०८२ वडा नं. १४ का विभन्ना स्थानमा RCC Drain निर्माण ।

५. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुको बारेमा बैठकमा छलफल एवं जानकारी गराईयो । स्थानीय तहको क्षेत्राधिकार सँग सम्बन्धित विषयहरु निर्धारित समयभित्र कार्यान्वयनका लागि सबै शाखा/उपशाखा एवं वडा कार्यालयबाट आवश्यक पहल गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

६. कोहलपुर नगरपालिकाको तेह्रौं स्थापना दिवस मिति २०८३ बैशाख २५ गते मनाउने कार्यक्रम रहेकाले सो दिवसको अवसरमा आकस्मिक एवं अत्यावश्यकीय सेवा बाहेक यस नगर कार्यपालिकाको कार्यालय मातहतका वडा कार्यालय, शिक्षण संस्था एवं सार्वजनिक निकायहरुमा मिति २०८३ बैशाख २५ गते १(एक) दिन स्थानीय बिदा दिने । साथै सार्बजनिक बिदा भएता पनि यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी एवं पदाधिकारीहरु सरकारी/ औपचारिक पोशाक व्यानर सहित नगरपालिका स्थापना दिवस कार्यक्रममा अनिवार्य उपस्थित हुन सूचित गर्ने।

७. कोहलपुर नगर क्षेत्रमा निर्माण भएका घरको विषयमा नेपाल सरकार मन्त्री परिषदको निर्णय र सम्मानीत सर्वोच्च अदालतको फैसला अनुसार सडक विस्तार गर्ने क्रममा कोहलपुर बजार क्षेत्रमा २०।९०० देखि २१।७५० सम्म ८५० मिटर सडकको दायाँ बायाँ दुवैतिर सडक सीमा कम गरी २१ मिटरदेखि २५ मिटर क्षेत्रलाई Built Up Area (बस्ति क्षेत्र) कायम गरिएकाले सो बमोजिम पहिले नै निर्माण सम्पन्न भईसकेका घरहरुलाई थप संरचना निर्माण नगर्ने गरी पूर्ववत अवस्थामा सो chainage भित्र पर्ने घरहरुलाई निवेदकको माग बमोजिम राष्ट्रिय राजमार्गको मापदण्ड बमोजिम पछि सडक बिस्तार हुँदा राजीखुसी मापदण्ड बमोजिम छाड्ने सर्तमा एकपटकका लागि घर कायम हुने गरी घरनक्शा अभिलेखिकरण गर्ने कार्य गर्ने ।

८. कोहलपुर नगरपालिका वडा नं. १३ खड्कवार निवासी डिल बहादुर डाँगीको छोरा डेबिट डाँगी क्यान्सर रोगबाट ग्रसित भई उपचाररथ रहेकोमा उपचार खर्च धेरै लाग्ने र निजको घरको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक सहायता उपलब्ध गराईदिनु हुन भनी १३ नं. वडा कार्यालयको सिफारिस पत्र प्राप्त भएकोमा निजको औषधी उपचारका लागि रु.३१,०००।- रकम उपलब्ध गराउने।

९. कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ संसोधन गर्ने ।

१०. आगामी बैशाख २५ गते कोहलपुर नगरपालिकाको तेह्रौं स्थापना दिवस मनाउने सन्दर्भमा आवश्यक तयारी एवं व्यवस्थापनका लागि नगर प्रमुखको संयोजकत्वमा सम्पूर्ण कार्यपालिका सदस्यहरु सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी एक मूल समारोह समिति गठन गर्ने । मूल समारोह समितिका अतिरिक्त देहाय बमोजिम उपसमिति गठन गरी कार्य जिम्मेवारी प्रदान गर्ने।

**क. कार्यक्रम व्यवस्थापन उपसमितिः**

| | |
|---|---|
| श्री बिरेन्द्र कुमार शाह, वडा अध्यक्ष वडा नं. १२ | - संयोजक |
| श्री दिपेन्द्र श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ५ | - सदस्य |
| श्री ओपेन्द्रनाथ योगी, वडा अध्यक्ष वडा नं. ९ | - सदस्य |
| श्री लाल बहादुर राना वडा अध्यक्ष वडा नं. ८ | - सदस्य |
| श्री हेमन्त पौडेल सहायक लेखा अधिकृत (लेखा शाखा) | - सदस्य |
| श्री प्रकाश खत्री सहायक स्तर पाँचौ (जिन्सी शाखा) | - सदस्य |
| श्री उमेश कुमार शर्मा कम्प्युटर अपरेटर (सचिवालय) | - सदस्य |
| श्री बिर बहादुर थापा, नगर प्रहरी निरीक्षक | - सदस्य सचिव |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

११. गत आ.ब. २०८१/०८२ मा कोहलपुर एफ एम र नगरपालिका बीच सम्झौता भई नगरपालिकाको स्थापना दिवसका अवसर रेडियो मार्फत प्रत्यक्ष प्रसारण गरे वापत रु.१०,०००।– र जनचेतनामूलक सूचना सामाग्री प्रसारण गरे वापत रु.२०,०००।– भुक्तानी दिन बाँकी दायित्वमा छुट हुन गएको हुँदा श्री कोहलपुर एफ.एम. लाई उक्त भुक्तानी हुन बाँकी रकम रु.३०,०००।- भुक्तानी दिन बाँकी दायित्व अनुसुची ०४ सि.नं. १७८ बाट भुक्तानी दिने ।

१२. कोहलपुर नगरपालिका वडा नं. १३ मा भुमि सम्बन्धी जग्गा नाँप जाँच कार्यमा चेनमेनको कार्य गर्न खटिएका श्री टिकाराम जैसीलाई चेनमेनको रुपमा काम मिति २०८१/१२/०१ देखि मिति २०८२ साल असार मसान्त सम्म जम्मा दिन ७५ दिनको रकम रु.५६,२५०।– भुक्तानी दिने ।

१३. कोहलपुर नगरपालिका वडा नं. १५ निवासी सोनी वंशकार बस्फोर र श्रवण कुमार तमोलीले आफ्नो घरको आर्थिक अवस्था एकदमै कमजोर रहेको अति विपन्न घर परिवार अन्तर्गत पर्ने भएकाले घर निर्माणका लागि टिनको जस्ता पाता उपलब्ध गराईदिनु हुन भनी १५ नं. वडा कार्यालयको सिफारिस पत्र प्राप्त भएकोमा निजहरुको घर निर्माणका लागि आवश्यक जस्ता पाता भैपरी आउने पुँजीगत शिर्षकबाट हुने गरी जनही रु.३०,०००।- का दरले सहयोग रकम उपलब्ध गराउने ।

१४. यस नगर कार्यपालिकाको नाममा रहेको भे.१.ब १८१८ नं. मोटरसाईकल नगर प्रहरीद्वारा गस्ति पेट्रोलिङ् कार्यमा प्रयोग भईरहेकोमा उक्त मोटरसाईकल मर्मतका लागि लागत अनुमान रु.६,५५०।– प्राप्त भएकोमा उक्त मोटरसाईकल मर्मत कार्य गरी भुक्तानी गर्ने ।

१५. कोहलपुर नगरपालिका वडा नं. ५ को पृथ्वी नगर हरी चालीसेको घर देखी पश्चिम आर.सी.सी.नाली निर्माणको लागी अपुग रकम समपुरक कोष शिर्षकबाट हुने गरी रु. ३,००,०००।–(तीन लाख) व्यवस्था गर्ने ।

१६. कोहलपुर नगरपालिका ८ नं. वडा कार्यालयको बजेट माग सम्बन्धको सिफारीस अनुसार नेपाल मगर संघ वडा कार्य समिती कोहलपुर ८ पिपरीलाई नौमती बाजा प्रशिक्षणका लागी धर्म कला संस्कृति शिर्षकबाट रु.४०,०००।– (चालीस हजार) उपलब्ध गराउने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/१०/०४ को कामकाजमा खटाईएको पत्रानुसार यस नगरपालिकाबाट वेदकोट नगरपालिका सिसैया, कञ्चनपुरमा काज सरुवा हुनुभएका इन्जिनियरिङ सेवा, सिभिल समुह, इरिगेसन उपसमुह, सब इन्जिनियर सहायकस्तर पाँचौ श्री महादेव जोशी (क.सं.नं. २२६१७२) लाई सोही वेदकोट नगरपालिकामा पदस्थापनका लागि सहमति दिने ।

१८. कोहलपुर नगरपालिका भित्र लागु औषध रोकथाम तथा नियन्त्रणको लागी ड्रग्स लागु औषध सेवा चेक जाँच सम्बन्धी ड्रग्स टेस्टिङ्ग किटका लागी कोहलपुर नगरपालिकाको आ.व.२०८२/०८३ नीति,कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १७८ सि.नं. ४२८ लागु औषध दुर्वेशनी शिर्षकबाट हुने गरी खरीद गरी इलाका प्रहरी कार्यालय कोहलपुरलाई हस्तान्तरण गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

बैठक संख्या: ७२, २०७९-२०८४
मिति २०८३/०१/०८ को
निर्णय प्रमाणित ...........

१९. श्री ज्ञानज्योती माध्यमिक विद्यालय कोहलपुर १२ चप्परगौडिको मिति २०८२/०९/२५ गतेको पत्र अनुसार विद्यालयको ५ कोठे भवनको तल्लो तलाको झ्याल नभएको र जमिनको फर्स फुटी कक्षा संचालनमा कठिनाइ भईरहेको भनि आयको पत्रानुसार उल्लेखित कार्यकालागी विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकबाट रु.३,५०,०००।– (तीन लाख पचास हजार) व्यवस्था गर्ने।

२०. कोहलपुर नगरपालिका वडा नं. १० स्थित हाइस्कुल नजिक १ नं.प्रहरी बिट अगाडि नालीको ढक्कनका राख्नकालागी भैपरी पुंजीगत शिर्षकबाट हुने गरी रु.३०,०००।– (तीस हजार) व्यवस्था गर्ने ।

२१. कोहलपुर नगरपालिका वडा नं. १४ स्थीत राम माध्यमिक विद्यालयको जमीनमा निर्माण सम्पन्न भएको ब्याडमिन्टन कवर्ड हलको संचालन, व्यावस्थापन तथा संरक्षणका लागी श्री राम माध्यमिक विद्यालय कोहलपुर- १४ लाई जिम्मा दिने ।

२२. यस नगर पालिका नगर कार्यपालिकाको कार्यालय परीसरमा रहेको खानेपानी फिल्टर मेशिन जेन्जी आन्दोलनका क्रमका तोडफोड गरी क्षेती भएकोले कार्यालयमा पिउने पानीको अभाव भएको हुंदा खानेपानी फिल्टर मेशिन जडानका लागी भैपरी आउने चालु शिर्षकबाट रु. ३,००,०००।– (तीन लाख) व्यवस्था गर्ने ।

२३. श्री जन ज्ञान ज्योति माध्यमिक विद्यालय कोहलपुर-१, कौशिलानगरको सहयोग गरीदिने विषयको प्राप्त पत्र अनुसार शिक्षक तथा कर्मचारीहरुले प्रयोग गर्ने सौचालयको सेफ्टी टेङ्की निर्माणको लागी विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकबाट रु.२,००,०००।– (दुई लाख) व्यवस्था गर्ने।

२४. कोहलपुर वडा नं. ६ मा रहेको अधुरो रङ्रेना ब्याडमिण्टन कवर्डहल निर्माण पुर्णताका लागी भैपरी आउने पुंजीगत शिर्षकबाट हुने गरी रु.६ लाख (छ लाख) व्यवस्था गर्ने ।

२५. कोहलपुर नगरपालिका वडा नं. ८ बाबानगर स्थित औराह बाबा मन्दिरको भौतिक संरचना निर्माणको लागी आ.व.२०८२/०८३ नीति,कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १४३ सि.नं. ७२ को मठमन्दिर,गुम्बा लगायत धर्म तथा सस्कृति संग सम्बन्धित क्षेत्रको भौतिक पुर्वाधार निर्माण शिर्षकबाट रु. ५,००,०००।– (पाँच लाख) व्यवस्था गर्ने ।

२६. कोहलपुर नगरपालिका वडा नं. ३ मैटहवा शिब मन्दिरको अधुरो हल निर्माणको लागी आ.व.२०८२/०८३ नीति,कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १४३ सि.नं. ७२ को मठमन्दिर,गुम्बा लगायत धर्म तथा सस्कृति संग सम्बन्धित क्षेत्रको भौतिक पुर्वाधार निर्माण शिर्षकबाट रु. ५,००,०००।– (पाँच लाख) व्यवस्था गर्ने ।

२७. कोहलपुर नगरपालिका १५ नं. वडा कार्यालयको मिति २०८३/०१/०७ गतेको चलानी नं. १८४६ को सिफारीस अनुसार यहि मिति २०८३/०१/२७ गते देखि श्रीमद भागवत महापुराण कथा एवं पाँच कुंडिय

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

बैठक संख्या: ७२, २०७९-२०८४
मिति २०८३/०१/०८ को
निर्णय प्रमाणित ..........

गायत्री महायज्ञको आयोजनामा हुने कार्यक्रम व्यवस्थापनका लागी धर्म,कला संस्कृती संरक्षण तथा प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रु.१,५०,०००।– (एक लाख पचास हजार) आर्थीक सहयोग गर्ने ।

२८. कोहलपुर नगरपालिका वडा नं. ६ निवासी जयसरी गुरुङ्ग सेनी विरामी भइ औषधी उपचार गर्न कठिन भएको भनि दिएको निवेदन अनुसार निजको उपचारका लागी रु.२७,०००।- (सताइस हजार) आर्थिक सहयोग गर्ने ।

२९. अल्जामिअतुल वाहिदिया फैजाने आलाहजरत मदरसा कोहलपुर-३ को पत्र अनुसार मिति २०८३/०१/१६ गते हुने धार्मीक कार्यक्रम जल्साको व्यवस्थापनका लागी धर्म,कला संस्कृती संरक्षण तथा प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रु.२५०००।– (पच्चीस हजार) आर्थीक सहयोग गर्ने ।

३०. आ.ब. २०८२/०८३ को वडा तर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १४ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने विविध(सि.नं. ३५७) | हवलदारपुर चोकमा बेरिगाड निर्माण | ६०,००० | २०८२/१२/१७ को निर्णय |
| | | हवलदारपुर कवर्ड हलमा पर्दा खरिद | १,००,००० | २०८२/१२/३० को निर्णय |

**वडा नं. ११ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कडा कार्यालय व्यवस्थापन(सि.नं. २९६) | ११ नं. वडा भित्रका बाटोहरुमा ग्राभेल | १,००,००० | २०८३/०१/०२ को निर्णय |

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत